**भेरी नगरपालिकाको नगर उप प्रमुख श्री भावना भण्डारीले प्रस्तुत गर्नु भएको**

**आर्थिक बर्ष २०७८।०७९ को नीति, कार्यक्रम तथा बजेट**

सभाध्यक्ष महोदय,

१. विश्वभरी फैलिईरहेको कोभिड १९ (दोस्रो भेरिएन्ट) को महामारीको बिषम परिस्थितिमा आगामी आर्थिक बर्ष २०७८।७९ को बार्षिक नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न भेरी नगरपालिकाको उप प्रमुखकको हैसियतले यस गरिमामय सभाको बैठकमा उपस्थित भएको छु ।

२. मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधिनताको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र, संघीय शासन प्रणाली स्थापनाका लागि भएका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्ने महान सहिदहरू प्रति हार्दिक श्रध्दान्जली व्यक्त गर्दछु साथै मुलुकको राजनीतिक, आर्थिक तथा सामाजिक रूपान्तरणको अभियानमा होमिएका घाईते, अपाङ्ग योध्दा तथा सहिद परिवारमा सम्मान व्यक्त गर्न चाहन्छु ।

३. वडा नं. २ की वडा सदस्य तथा नगर सभा सदस्य श्री सशिला कामीको २०७८।३।८ मा योजना तर्जुमाका लागि वडा समितिको बैठकमा सहभागि हुन जाने क्रममा बाटोमा लडेर उपचारका क्रममा निधन भएको हुँदा दुखको यस घडीमा आफन्त तथा परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिर शान्तिको कामना सहित हार्दिक श्रध्दान्जली ब्यक्त गर्न चाहन्छु ।

४. कोभिड १९ महामारी पहिलो तथा दोस्रो महामारीको संक्रमणबाट स्थानीयस्तर, स्वदेश तथा विदेशमा ज्यान गुमाएका नेपाली लगायत सम्पूर्ण मृतक प्रति हार्दिक श्रध्दान्जली तथा शोकाकूल परिवारजनमा समवेदना व्यक्त गर्न चाहन्छु । साथै संक्रमित सबैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

५. मानव जातिले यतिबेला इतिहासकै अप्ठ्यारो अवस्थाको सामना गरिरहेको छ । कोभिड १९ महामारी दोस्रो भेरिएन्ट र निरन्तर भैरहेको निषेधाज्ञाका कारण उत्पन्न संकटको व्यवस्थापन चुनौतीका रूपमा हाम्रा सामु खडा भएको छ । यस कठिन अवस्थामा महामारीबाट उत्पन्न आर्थिक संकट व्यवस्थापन र नागरिकहरूको जीवन रक्षा नै प्रमुख समस्या हो । कोभिड महामारीको रोकथाम र नियन्त्रण अहिलेको प्राथमिकता भए पनि नगरवासिहरूको दैनिक जीवन यापनमा व्यहोर्नु परेका समस्याहरूको समाधान पनि नगरि नहुने बाध्यता हाम्रो सामु रहेको छ । हामीलाई उपलव्ध न्यून श्रोतबाट सबै समस्याको समाधान संभव छैन अतः प्राथमिकताका आधारमा अधुरा अपुरा भौतिक पूर्वाधार निर्माणसंगै स्थानीय स्तरमा रोजगारी सिर्जना, उत्पादन बृध्दि गर्ने र महामारीबाट नागरिकहरूको जीवन रक्षा जस्ता कार्यक्रमहरूमा यो बजेट केन्द्रित रहेको छ ।

६. कर्णाली प्रदेश सरकार, स्थानीय प्रशासन, जिल्ला स्वास्थ्य सेवा कार्यालय, सम्पूर्ण नगरपालिका टीम र सरोकारवाला सबैको सहयोग, सक्रियता र समन्वयबाट यस नगरपालिकालाई कोभिड १९ दोस्रो भेरिएन्टको  प्रभावबाट कम क्षतीमा राख्न सफल रहे पनि संक्रमण व्यापक रहेका छिमेकी जिल्ला, मुलुक बाहिर बिशेष गरी भारतमा रहेका नागरिकहरू घर फर्किने क्रमसंगै महामारीको संक्रमण डरलाग्दो रुपमा फैलिई रहेको छ । महामारीकै कारण हालसम्म १२ जना नगरवासिको मृत्यू भईसकेको अवस्था छ । यस जटिल परिस्थितिमा महामारीको रोकथाम गर्दै स्थानीय उत्पादन र रोजगारीमा साथै आर्थिक वृध्दि हासिल गर्ने दिशामा आगामी आर्थिक बर्षको बजेट केन्द्रित गर्नुपर्ने अवस्था रहेको छ।

७. प्रस्तुत बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान- २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपालको चालु  पन्ध्रौ आवधिक योजना, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७४ तथा यस नगरपालिकाले तर्जुमा गरी कार्यान्वयनमा ल्याएका ऐन नियम तथा कार्यविधिहरू, नेपाल सरकारबाट प्राप्त मार्गदर्शन, कर्णाली प्रदेश सरकार तथा  नगरपालिकाको नीति कार्यक्रम तथा लक्ष्य, कोभिड १९ दोस्रो भेरिएन्टको को महामारीबाट उत्पन्न परिस्थिति, बस्ति तथा वडा समितिबाट निर्धारित प्राथमिकता, जिल्लामा कार्यरत विकास साझेदार तथा सरोकारवाला सरकारी - गैर सरकारी निकाय एवं नगरवासिहरूको सल्लाह सुझावको आधारमा यो बजेट तर्जुमा गरेको छु।

**सभाध्यक्षज्यू,**

अव म चालु आर्थिक बर्ष २०७८।७९ को जेष्ठ मसान्तसम्मको अवस्थाको बारेमा संक्षिप्त रूपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८. नगरलाई समृध्दिको बाटोमा उन्मुख गराउन नविनतम सोचकासाथ तर्जुमा गरिएका वालवालिकासंग मेयर, महिलासंग उपमेयर, विपन्न नागरिकका लागि विशेष सहयोग कोष स्थापना, पूर्ण जातिय छुवाछुत मुक्त नगर घोषणा र पूर्ण सरसफाई आदि जस्ता कार्यक्रमहरू कार्यान्वयन भई रहेको अवस्थामा लगातार फैलिईरहेको कोभिड १९ को  महामारी र  निरन्तर निषेधाज्ञाका कारण प्रभावित भएको कुरा सबैमा जानकारी नै छ । नगरपालिकाको आन्तरिक श्रोतबाट रू १ करोड ४० लाख आम्दानी प्रक्षेपण गरिएकोमा रू १ करोड ४० लाख नै राजश्व असुली भएको छ र संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड बापत प्राप्त हुनु पर्ने रू. ९ करोड ५७ लाख मध्ये रू. ७ करोड ५० लाख मात्रै प्राप्त भएकोले संघीय तथा प्रदेश सरकारबाट प्राप्त अनुदानमा आधारित बजेट तथा कार्यक्रमहरू कार्यान्वयनमा समस्या भएको छ ।

९. चालु आर्थिक बर्षको बीच अर्थात कार्यक्रम कार्यान्वयनको उत्कर्ष समयमा फैलिएको कोभिड १९ दोस्रो भेरिएन्टको महामारी सामना गर्न स्वास्थ्य परिक्षण तथा सुरक्षा सामग्री खरिद, पिपिसेट , एन्टिजेन टेस्ट, पिसिआर किट, मास्क, सेनिटाइजर लगायत औषधी तथा व्यवस्थापन आदि जस्ता कार्यमा व्यहोर्नु परेको अतिरिक्त व्ययभारका कारण पनि कार्यक्रम कार्यान्वयनमा समस्या व्यहोर्नु परेको छ ।

१०. महामारीबाट जनताको जीवन रक्षाको लागि नगरपालिकाले संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि योजना तर्जुमा गरी निरन्तर रूपमा क्रियाशील रहदै आएको छ ।

११. बैशाख देखि जारी गरिएको निषेधाज्ञा हालसम्म निरन्तर रहेको अवस्थामा चालु आ.व.को जेष्ठ मसान्तसम्मको कुल प्रगति ५७ प्रतिशत रहेको छ । सरकारले जारी गरेका स्वास्थ्य सुरक्षा मापदण्ड अवलम्बन गरी कार्यक्रम कार्यान्वयन भईरहेकाले आर्थिक बर्षको अन्त्यसम्म सबै बार्षिक कार्यक्रम सम्पन्न हुने अपेक्षा लिएको छु ।

१२. यो संकट व्यवस्थापनका लागि सहयोग गर्ने नेपाल सरकार, कर्णाली प्रदेश सरकार लगायत संघ संस्था सबै प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

१३. आफ्नो जीवनको प्रवाह नगरी महामारीको रोकथाम तथा उपचारमा अग्रपंतिमा रहेर सेवा गर्ने सम्पूर्ण स्वास्थ्यकर्मिहरूको उच्च मुल्यांकन गर्दै हार्दिक आभार प्रकट गर्न चाहन्छु । अझ पनि मानवीय भावना र उच्च मनोवलका साथ वहाँहरूको सेवा निरन्तर रहने कुरामा म बिश्वस्त रहेको छु । त्यसै गरी यो अभियानमा निरन्तर रूपमा खटिरहनु भएका नगरवासि, पत्रकार, उध्योगि व्यापारी, राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सरसफाईकर्मि, सवारी चालक तथा सुरक्षाकर्मिलाई वहाँहरूको योगदानको कदर गर्दै सम्मान व्यक्त गर्न चाहन्छु ।

सभाध्यक्षज्यू,

१४. अव म आर्थिक बर्ष २०७८।०७९ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु,

क. कोभिड १९ को महामारीबाट नगरवासिहरूको जीवनलाई सुरक्षित र सहज बनाउने ।

ख. स्वास्थ्य तथा शिक्षा क्षेत्रको संस्थागत विकास तथा सुदृढिकरण गर्ने ।

ग. कृषि क्षेत्रमा रोजगारी सिर्जना गरी उत्पादन बृद्दि गर्ने ।

घ. सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको दिगो विकास गर्ने ।

सभाध्यक्षज्यू,

आर्थिक बर्ष २०७८।७९ मा यस नगरपालिकाले जम्मा रू ६१ करोड ९० लाख ४० हजार रूपैयाँ आम्दानी हुने अनुमान गरिएको छ । जसमध्ये संघीय सरकारबाट वित्तिय समानीकरण अनुदान रू ११ करोड ९७

लाख , सशर्त अनुदान रू ३० करोड २० लाख, राजश्व बाँडफाँड वापत रू ९ करोड ६३ लाख ७७ हजार, बिशेष अनुदान रू ९६ लाख र समपुरक रु २ करोड ४० लाख गरी जम्मा रू ५५ करोड १६ लाख ७७ हजार र कर्णाली प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान रू १ करोड २८ लाख ४५ हजार, राजश्व बाँडफाँड वापत रू १४ लाख १० हजार, सशर्त अनुदान २ करोड ३१ लाख ८ हजार, समपुरक अनुदान १ करोड २० लाख, विशेष अनुदान ३० लाख गरि जम्मा रु ५ करोड २३ लाख ६३ हजार एवं नगरपालिकाको आन्तरिक श्रोतबाट रू १ करोड ५० लाख आम्दानी हुने अनुमान गरिएको छ । उक्त बजेटबाट माथि उल्लेखित उद्देश्यहरू हासिल गर्न आगामि बर्षको लागि निम्न क्षेत्रका लागि निम्नानुसार क्षेत्रगत कार्यक्रम तर्जुमा तथा बजेट विनियोजन गरेको छु ।

**स्वास्थ्य तथा महामारी रोकथाम तथा नियन्त्रणतर्फः**

१५. आगामी आर्थिक बर्षमा यो असहज परिस्थिति तत्काल सामान्य अवस्थामा आउन सक्ने नदेखिएकोले स्वास्थ्य परिक्षण तथा सुरक्षा सामग्री खरिद, औषधि व्यवस्थापन र उपचारका लागि कोरोना संक्रमण रोकथाम तथा उपचार कोषमा एकमुष्ट रू १ करोड २० लाख बिनियोजन गरेको छु । यसबाट स्वास्थ्य संस्थाहरूको सुदृढिकरण, जनशक्ति व्यवस्थापन, जनचेतनामुलक कार्यक्रम संचालनम गरिनेछ ।

१६. स्वास्थ्य सेवामा नागरिकहरूको सहज पहुँचका लागि वडा नं. ६, ७, ८, ९, १० र ११ का बासिन्दाहरूको सेवाको लागि वडा नं. ७ को स्याउली बजारमा १५ शैय्याको नगर अस्पताल स्थापनाका लागि पुर्वाधार निर्माण शुरू गर्न रू ५० लाख बिनियोजित गरेको छु ।

१७. नगर तथा जिल्लाबासिहरूलाई आँखा उपचार सेवा उपलब्ध गराउन नेपाल रेडक्रस सोसाईटी, सुर्खेत आँखा अस्पताल र नगरपालिकाको साझेदारीमा आँखा अस्पताल संचालनका लागि भवन निर्माण गर्न रू. १५ लाख बजेट बिनियोजन गरेको छु ।

**कृषि तथा रोजगार प्रबर्ध्दनतर्फः**

१८. कोभिड १९ को महामारीबाट सिर्जना हुने भोकमरीबाट जनतालाई बचाउन कृषि उत्पादन बृध्दि गर्ने नीति अनुसार रू ६५ लाख बिनियोजन गरेको छु । जसबाट नेपाल सरकार, नगरपालिका तथा कृषकको साझेदारी लागतमा खाध्य तथा पोषण सुरक्षामा टेवा पुर्याउन खाध्य तथा तरकारी बीउ उत्पादन कार्यक्रम, रैथाने बाली संरक्षण, उन्नत कृषि औजार, तथा उन्नत बीउ उत्पादनको लागि क्षेत्र विस्तार जस्ता कार्यक्रम संचालन गर्ने गरी व्यवस्था मिलाएको छु ।

१९. किसान तथा नगरपालिकाको साझेदारीमा मौसमी तथा बेमौसमि तरकारी खेती तथा आँप, टर्कि तथा अन्य जातको ओखर खेती, अलैची, कागति सुन्तला, केरा, अंगुर, जापनिज हलुवावेद आदि फलफुल

खेती प्रबर्ध्दन, आकस्मिक रूपमा आई पर्ने किरा तथा रोगको प्रकोप नियन्त्रण, अदुवा, बेसार तथा लसुन जस्ता मसला बाली उत्पादन जस्ता क्रियाकलापहरू बिनियोजित बजेटबाट संचालन गरिनेछ।

२०. वडा नं. १० को लामाचौरमा आँप खेतीका लागि रू ३ लाख ५० हजार विनियोजन गरिएको छ। जसबाट उक्त स्थानका कृषकहरूको आय बृध्दिमा सहयोग पुग्ने अपेक्षा लिएको छु ।

२१. कर्णाली प्रदेश सरकारसंगको सहकार्यमा समेत थप कार्यक्रम संचालन गरिनेछ ।

**पशुपन्छि विकासतर्फः**

२२. पशु पन्छिहरूमा लाग्ने रोग निदानका लागि औषधि, उपकरण तथा सामग्री खरिद, पशु आहारको लागि घाँस खेती प्रबर्ध्दन तथा विभिन्न प्रकारका व्यवसायमुलक पशुपालन तालिम संचालनका लागि रू ४२ लाख बिनियोजन गरेको छु ।

**सहकारी क्षेत्रः**

२३. सहकारी क्षेत्रको स्वतन्त्र विकास र परिचालन मार्फत समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने राज्यको संकल्प बमोजिम आर्थिक विकासको एक स्तम्भको रूपमा सहकारी पनि महत्वपूर्ण क्षेत्र भएको र संघीय संरचना अनुसार सहकारीहरू स्थानीय तहको मातहतमा हस्तान्तरण भई आएको र यस नगरपालिका क्षेत्रमा संचालित अधिकांश सहकारीहरू सहकारीहरूको संचालन तथा व्यवस्थापन ज्ञानको अभावमा समस्याग्रस्त अवस्थामा रहेकाले उक्त संस्थाहरूको दिगो संस्थागत विकास,वित्तिय पहुँच बृध्दि, संजालीकरण र उध्यमशिलता मार्फत सदस्यहरूको जीवनस्तर सुधार गर्नका लागि नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्सकुन) संगको साझेदारीमा **आधारशिला कार्यक्रम** संचालनका लागि सम्पन्न सम्झौता बमोजिम आवश्यक बजेट रू. ८ लाख बजेट बिनियोजन गरेको छु ।

२४. गुरूयोजना तर्जुमा भई हाल कार्यान्वयनमा रहेको मालिका क्षेत्रको पुर्वाधार निर्माणको कार्यलाई निरन्तरता दिईनेछ । बहुबर्षीय आयोजनाको रूपमा कार्यान्वयनमा रहेको उक्त कार्यक्रमका लागि संघीय तथा प्रदेश सरकारसंगको समन्वयमा बजेट व्यवस्था गरी निर्माण सम्पन्न गर्ने नीति लिइएको छ ।

**युवा शिक्षा तथा खेलकुद विकासतर्फः**

२५. **शिक्षक अनुदान कार्यक्रमः** नगर क्षेत्रभित्रका सबै बस्ति तथा वडाहरू भौगोलिक रूपमा विकट रहेका र सबै वालवालिकाहरूलाई शिक्षाको अवसरबाट बन्चित हुन नपरोस् भन्ने उद्देश्यले खुलेका विध्यालयहरूमा आवश्यकता अनुसारका शिक्षक व्यवस्था हुन नसकिरहेको र शिक्षकबिना विध्यालयबाट

गुणस्तरीय शिक्षाको परिकल्पना समेत गर्न नसकिने भएकोले दरवन्दी हुँदै नभएका र भए पनि पर्याप्त दरवन्दी नभएका विध्यालयहरूमा समेत न्यूनतम रूपमा भए पनि शिक्षकको उपलव्धता होस भन्ने अभिप्रायले स्वयं सेवक शिक्षक व्यवस्थापन गर्नका लागि यस चालु आ.व. देखि शुरू गरिएको **शिक्षक अनुदान** कार्यक्रमलाई निरन्तरता दिन रू १ करोड बिनियोजन गरेको छु।

वालविकास केन्द्रका वाल शिक्षक तथा विध्यालय कर्मचारीहरूले पाउदै आएको सुविधा ज्यादै न्यून भएको र उक्त पारीश्रमिकबाट निजहरूको जिविकोपार्जन गर्न कठिनाई परिरहेको अवस्थामा नेपाल सरकारले घोषणा गरेअनुसार थप पारीश्रमिकका लागि करिव रू १ करोड बजेट बिनियोजन गरेको छु ।

२६. शिक्षक तथा कर्मचारीहरूको उत्प्रेरणा तथा क्षमता अभिबृध्दिका लागि तालिम, गोष्ठी, अन्तर्क्रिया तथा बैठक संचालनका लागि नियमित निशर्त कार्यक्रमको अलावा आवश्यक थप बजेट व्यवस्था गरेको छु ।

२७. वालवालिकाहरूको सर्वाङ्गिण विकास गरी सक्षम र सवल नागरिक तयार गर्न गत विगत आ.व. देखि शुरू गरिएको बालमैत्री नगर घोषणा अभियान सम्पन्न गर्न कोभिड १९ दोश्रो भेरियन्टको महामारीका कारण बाधा उत्पन्न भएता पनि यस अभियानलाई निरन्तरता दिन नगरस्तरीय अतिरिक्त क्रियाकलाप तथा युवा परिचालन तथा खेलकुद प्रतियोगिता लगायत वालमैत्री शासनका सूचकहरू पुरा गर्न **वालवालिकासंग मेयर कार्यक्रम** लागि संघीय सरकारसंगको समन्वयबाट रू ५४ लाख बजेट व्यवस्था गरेको छु ।

२८. समग्र शैक्षिक सुधारका लागि उल्लेखनिय भुमिका निर्वाह गर्ने शिक्षक विध्यार्थी तथा व्यवस्थापन समितिलाई प्रोत्साहन गर्न उत्कृष्ट शिक्षक, उत्कृष्ट विध्यार्थी र उत्कृष्ट व्यवस्थापन समितिलाई पुरस्कृत गर्ने नीति लिईएको छ ।

२९. कोभिड १९ दोश्रो लहरको महामारी तथा संक्रमणलाई मध्यनजर गरी स्वच्छ, स्वस्थ र सुरक्षित वातावरण निर्माण गरी पठनपाठन सुचारू गर्न दूर शिक्षा तथा बैकल्पिक शिक्षाको अवधारणालाई यथासंभव आत्मसात गरिनेछ ।

३०. खेलकुद क्षेत्रको विकास तथा प्रबर्ध्दनका लागि चालु बर्षमा निर्माणाधिन अवस्थमा रहेका वडा नं. ४ स्थित वि.पि. शान्ति वाटीकामा कभर्ड हल, वडा नं. ५ डाप्कमा इन्डोर कभर्ड हल र वडा नं. १३ को कुदुको रंगशाला निर्माणका लागि संङघीय तथा प्रदेश सरकारसंग समन्वयमा बजेट व्यवस्था गरि सम्पन्न गरिनेछ ।

३१. विकासमा पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुनिश्चित गर्न एवं सामाजिक रूपान्तरणका लागि सशक्त भुमिका निर्वाह गर्न युवा परिचालनलाई बिशेष जोड दिई कार्यक्रम संचालन गरिनेछ ।

३२. अति विपन्न नागरिकहरूका लागि आम्दानीको अवसर सिर्जना गर्न प्रधानमंत्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त रू २ करोड १४ लाख बजेटबाट विभिन्न योजनाहरू निर्माणका लागि ६३१ जना श्रमिकहरूलाई १०० दिनको प्रत्यक्ष रोजगारी प्रदान गरिनेछ ।

३३. **महिला, वालवालिका तथा जेष्ठ नागरिक कार्यक्रमतर्फः**

हिंशामा परेका, असहाय तथा विपन्न महिलाहरूको राहत, आय आर्जनका कार्यक्रम संचालनका लागि आगामि बर्ष पनि निरन्तरता दिईनेछ । यसका लागि **महिलासंग उपमेयर कार्यक्रमका** लागि रू ३० लाख बिनियोजन गरेको छु । उक्त बजेटबाट महिला प्रजनन स्वास्थ्य ,घरेलु हिंसा सम्वन्धी जनचेतना मुलक कार्यक्रम र  एकल महिला द्वन्द पीडित, असहाय महिलाहरुको लागि सिपमुलक तथा आय–आर्जन सम्वन्धी कार्यक्रमलाईं निरन्तरता दिईएको छ ।

३४. अति विपन्न महिलाहरूको आय आर्जनका लागि सीपमुलक तालिम संचालनका गर्न रू. ७ लाख बिनियोजन गरेको छु ।

३५. संरक्षण विहिन वालवालिकाहरूको उद्दार, संरक्षण, लैङ्गिक हिंशा, बालविवाह, बालश्रम, लागु पदार्थ दुर्व्यसन न्यूनिकरण तथा बाल क्लबहरूको सशक्तिकरण जस्ता कार्यक्रमहरू समेत संचालन गरिनेछ।

३६. ७५ बर्ष उमेर नाघेका जेष्ठ नागरिक सम्मान कार्यक्रमका लागि बजेट बिनियोजन गरेको छु ।

## पूर्वाधार विकासतर्फः

३७. **हवाई यातायातः** यस जिल्लाको सदरमुकाम लगायत जिल्लाका अन्य केही भागहरूमा सडक संजाल बिस्तार भएता पनि जिल्लाका कुनै स्थानमा हवाई यातायात सुविधा उपलब्ध नभएको र जिल्ला सदरमुकाम नजिक रहेको चौरजहारी विमानस्थल पनि बन्द रहेको, पर्यटन प्रबर्ध्दनको लागि डोल्पाको फोक्सुन्डो, मुगुको रारादह, ढोरपाटन देखि बझाङको शैपाल अर्थात सेती नदी पूर्व, हुम्ला कर्णाली पश्चिमबीचको भागमा करिब २८ वटा हिमालहरू यसै क्षेत्रमा अवस्थित रहेको सो क्षेत्रको अवलोकनका लागि माउन्टेन टुरिजमको प्रचुर संभावना रहेको अवस्थामा सो क्षेत्रको पायक पर्ने स्थानमा हवाई यातायात सुविधा उपलब्ध गराउन सकिएको खण्डमा यस क्षेत्रमा बसोवास गर्ने नागिरकहरूको जीवनस्तर सुधारमा उल्लेखनिय योगदान पुग्ने देखिएकोले निर्माण लागतको दृष्टिकोणले अत्यधिक संभावना रहेको यस नगरपालिकाको वडा नं. १ बडालेकमा एअरपोर्ट निर्माणका लागि नेपाल सरकारसंगको समन्वय तथा सहकार्यमा सिघ्र प्रक्रिया अगाडी बढाईनेछ ।

३८. नगर क्षेत्रभित्र यातायात असहजतालाई ध्यानमा राखि छोटो दुरीका सवारी साधन (अटो, ई रिक्सा आदि) संचालन गर्ने यातायात व्यवस्था विभाग, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक कार्यालयसंगको समन्वय र सहकार्यमा प्रक्रिया अगाडी बढाईने छ ।

**सडक पूर्वाधार यातायात क्षेत्रः**

३९. नगरपालिकाका सबै वडा केन्द्रसम्म यातायात सेवा पुर्याउने नीति अनुसार ट्र्याक खन्ने कार्य सम्पन्न भईसकेको छ । ट्र्याक खोल्ने कार्य सम्पन्न भएका सडकहरूको स्तरोन्नति गरी बाह्रै महिना यातायात सेवा सुचारू गरिनेछ ।

४०. नगर यातायातको दृष्टिकोणले महत्वपूर्ण रहेका निर्माणाधिन सडकहरूलाई प्राथमिकता दिई निर्माण सम्पन्न गरिने छ ।

४१. नगरस्तरीय रणनीतिक महत्वका रूपमा सडकको स्तरोन्नतिका लागि रहेका सहरी साशकीय क्षमता विकास कार्यक्रमबाट कार्यान्वयन हुने गरी आवश्यक बजेट व्यवस्था गरेको छु ।

४२. नगरभित्रका प्राथमिकता प्राप्त नयाँ ट्र्याक खोलिएका सडकहरूको स्तरोन्नतिका लागि प्रदेश तथा संघिय सरकारसंग समन्वय गरी बजेट ब्यवस्था गरिनेछ ।

४३. थाप्लेचौर बसपार्कको स्तरोन्नति तथा व्यवस्थापनका लागि नगर विकास कोषसंग साझेदारी सम्झौता भईसकेको छ । कोषको ऋण सहयोगमा बसपार्क निर्माण सम्पन्न गर्ने व्यवस्था गरेको छु ।

**खानेपानी तथा सरसफाईः**

४४. नगरपालिकाको वडा नं. ३ र ४ खलंगा बजार क्षेत्रमा जनसंख्याको चापसंगै ढल निकासको उचित व्यवस्था हुन नसकेको कारण फोहर व्यवस्थापनको समस्या बढ्दै गएको र बर्षायामको पानीले धेरै स्थानमा क्षति पुर्याई सदरमुकाम नै जोखिममा पर्ने अवस्था सिर्जना भएकोले तथा ढल निकासको दिर्घकालीन समाधानको नीति लिईएको छ । यसका लागि रू १५ लाख बजेट व्यवस्था गरेको छु ।

४५. नगर क्षेत्रमा उत्पन्न हुने फोहरलाई प्रशोधन गरी व्यवस्थापन गर्ने र प्रशोधित फोहरबाट जैविक मल उत्पादन तथा फोहर व्यवस्थापन गर्न कर्णाली प्रदेश सरकार, नगरपालिका तथा निजी क्षेत्रसंगको साझेदारीमा जैविक मल तयार गरी किसानलाई उपलब्ध गराउन वडा नं. १३ को कुदुमा चालु आ.व. देखि उध्योग निर्माणको कार्य भईरहेको छ । उक्त कार्यलाई निरन्तरता दिन कर्णाली प्रदेश सरकार तथा अन्य दातृ निकायहरूसंग समन्वय तथा साझेदारी कायम गरीनेछ ।

४६. नगर क्षेत्रको आधारभूत सरसफाई तथा फोहरको दिगो व्यवस्थापनका लागी स्थानीय नागरिक, टोल विकास संस्था तथा उध्योग व्यापार संघसँगको समन्वय, सहकार्यमा बजार सरसफाई अभियान संचालन गरिने छ । यस अभियानमा नगरवासिहरूको सक्रियता एवं सहभागितालाई समेत मध्येनजर गरी आगामि आ.व. देखि न्यूनतम रूपमा शुल्क उठाई सरसफाई अभियानमा परिचालन गरिने छ । यसै चालु आ.व. देखि सेफ्टीक ट्याङ्क सफाईका लागि सक्सन भेहीकल सेवा शुरू गरिएको छ ।

४७. सबै नगरवासिहरूलाई स्वच्छ पिउने पानी उपलव्ध गराउने नीति अनुरूप खलंगा सदरमुकाम क्षेत्रमा निर्माणाधिन अवस्थामा रहेको र बजेट अभावका कारण सम्पन्न हुन नसकेको खलंगा खानेपानी सहलगानी योजनाका लागि आवश्यक बजेट प्रदेश तथा संघिय सरकारसंग समन्वय गरी व्यवस्था गरिनेछ ।

४८. अझै पनि खानेपानी सुविधा उपलब्ध हुन नसकेका नागरिकहरूका लागि खानेपानी योजना निर्माणका लागि रू. ३८ लाख ३० हजार बिनियोजन गरेको छु । उक्त कार्यक्रमबाट स्वच्छ पिउने पानी उपलव्ध हुन नसकेका नागरिकहरूलाई सुविधा पुग्ने अपेक्षा रहेको छ ।

४९. सवारी आवागमनमा सहजताका लागि सडक पुल निर्माण गर्न आवश्यक स्थानहरूमा ल.ई. तथा डिजाईन गरी नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारसंगको सहकार्यमा स्रोत जुटाई निर्माण प्रक्रिया अगाडी बढाइने छ ।

५०. नेपाल सरकार क्षेत्रगत पुल कार्यक्रम तथा ट्रायल ब्रीज सपोर्ट युनिट प्रदेश कार्यालय सुर्खेतको सहयोगमा बजेट व्यवस्था गरी झो.पु. निर्माण गर्ने कार्यलाई आगामि बर्ष पनि निरन्तरता दिईने छ ।

**सिंचाई तथा नदी नियन्त्रणतर्फः**

५१. उत्पादनका दृष्टिकोणले नगरपालिका भरिकै महत्वपूर्ण क्षेत्र वडा नं. १३ को कुदु र वडा नं.१० को भुरचौर सिंचाई योजना निर्माणका लागि नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारसंग समन्वय गरी प्रक्रिया थालनी गरिने ।

५२. सिंचाई सुविधा नपुगेका क्षेत्रमा थप सिंचाई सुविधा पुर्याउन साना सिंचाई निर्माणका लागि रू १० लाख ९० हजार बिनियोजन गरिएको छ ।

५३. नदी कटानबाट क्षति भएका कृषियोग्य जमिन तथा जोखिममा रहेका बस्तीहरूको संरक्षणका लागि सहरी विकास तथा शासकीय सुधार कार्यक्रमबाट रू १ करोड बिनियोजन गरेको छु ।

**सहरी पूर्वाधारतर्फः**

५४. सहरी शासकीय क्षमता विकास कार्यक्रम अन्तर्गत प्राप्त हुने रू ५ करोड ८० लाख बजेटबाट संभाव्यता अध्ययनका आधारमा नगर गौरबका योजना तथा वडा समितिबाट छनोट भई आएका योजनाहरू कार्यान्वयन गरिने छ ।

**संस्थागत विकास तथा सुशासनतर्फः**

५५. नगरपालिकाको प्रशासकीय भवन अगाडी रहेको ठकुरीहरूको कुल देवताको मन्दिरको जग्गा प्राप्तिका लागि उक्त मन्दिरलाई स्थानान्तरण गर्न रू २० लाख बजेट बिनियोजन गरेको छु । यस

बाट प्रशासकीय भवन परिसरमा थप जग्गा व्यवस्थापन भई नगरपालिकाको पार्किङ व्यवस्थापन एवं कार्य सम्पादनमा थप सहयोग पुग्नेछ ।

५६. यस नगरपालिका अन्तर्गत रहेका कतिपय वडाहरूका कार्यालय भवन नै नभएका र भवन भएका वडा कार्यालयहरूका पनि व्यवस्थित नभई सेवा प्रवाहमा समस्या भएकोले वडा कार्यालयबाट प्रदान हुने सेवालाई अझ प्रभावकारी बनाउन सबै वडाहरूमा कार्यालय भवन निर्माण गर्न अन्य निकायको सहयोगमा नगरपालिकाको साझेदारी रकम रू ४० लाख बिनियोजन गरेको छु ।

५७. न्यायिक समितिको कार्य सम्पादनलाई व्यवस्थित तथा सुदृढिकरण गर्न रू २५ लाख ५० हजार बजेट व्यवस्थापन गरेको छु ।

५८. नगरपालिकाको आन्तरिक आय बृद्दि गर्न चालु आ.व. मा तर्जुमा गरिएको राजश्व सुधार कार्ययोजनामा अनुसार **E-billing**, व्यवसाय दर्ता तथा नविकरण अभियान संचालन लगायत आवश्यक कार्यका लागि रू १२ लाख बिनियोजन गरेको छु।

५९. कोभिड १९ दोश्रो लहरको महामारीका कारण भएको निषेधाज्ञाका कारण करदाताहरूमा परेको असरलाई दृष्टिगत गरी आगामि आ.व. को असोज मसान्तभित्रमा बुझाउने करदातालाई बार्षिक रूपमा तिर्नु पर्ने कर अनुपातमा १० प्रतिशत छुट कर छुट गर्ने व्यवस्था मिलाएको छु ।

६०. नगरपालिकाबाट प्रवाह हुने सेवा सम्बन्धमा नागरिकहरूको गुनासो सुनुवाईका लागि सार्वजनिक सुनुवाई कार्यक्रमका लागि रू ४ लाख बिनियोजन गरेको छु ।

६१. नगरपालिकाको सुशासन नीति अनुसार सुशासन प्रबर्ध्दनका लागि नगरपालिकाको कार्यसम्पादन आवधिक डकुमेन्ट्री निर्माण, संचार क्षेत्र प्रबर्ध्दन गर्न (एफ एम रेडियो, पत्रपत्रिका परिचालन तथा प्रकाशन) तथा आन्तरिक सुरक्षा व्यवस्थापन लगायतका कार्यक्रम संचालनका लागि रू १८ लाख ५० हजार बजेट बिनियोजन गरेको छु ।

६२. नागरिकहरूमा समाज प्रतिको उत्तरदायित्व तथा जवाफदेहीता अभिबृध्दि गर्दै सवल नागरिक निर्माणका लागि क्रियाशील टोल बिकास संस्थाहरूको विकास, विस्तार तथा क्षमता विकासका लागि सहकर्मि समाजसंगको साझेदारीका लागि रू २० लाख बिनियोजन गरेको छु ।

६३. मानव सभ्यताको कलंकको रूपमा रहेको जातिय भेदभाव अन्त्यका लागि चालु बर्ष देखि शुरू गरिएको पूर्ण जातिय छुवाछुत मुक्त नगर घोषणा अभियान सम्पन्न गर्नका लागि संघीय सरकारसंगको समन्वयबाट रू ४२ लाख बजेट व्यवस्था गरेको छु ।

**विपद व्यवस्थापनः**

६४. आगामी आर्थिक बर्षको शुरूवातमै बर्षायाम शुरू हुने र बर्षाको कारण उत्पन्न हुन सक्ने विपद्, आगलागि, दुर्घटना तथा कोभिड १९ को  कारण उत्पन्न हुने महामारी नियन्त्रणका लागि एकमुष्ट रू

३० लाख र ब्याक होई लोडर खरिदका लागि रू ५० लाख गरी रू ८० लाख रकम नगर बिपद् व्यवस्थापन कोषमा बिनियोजन गरेको छु ।

६५. विपद् व्यवस्थापन कोषमा बिनियोजन गरिएको रकम विशेष गरी कोभिड- १९ तेस्रो भेरिएन्टको अवस्थालाइ समेत प्रक्षेपन गरी महामारी नियन्त्रण, रोकथाम र उपचार, आर डिटी/पि सि आर परिक्षण सम्बन्धि कार्यमा खर्च गरिने छ ।

६६. विरामीहरूको सेवाको लागि एम्बुलेन्स र दुर्घटना वा अन्य कुनै कारणले मृत्यू भएका मृतकहरूको सव ढुवानीका लागि सव बाहन खरिद भई कार्यालयलाई बुझाउने प्रक्रियामा रहेको छ। यसले नगरपालिकाबाट नियमित रूपमा प्रदान गरिने सेवाहरूमा थप गरिएको सेवाले नगरवासि लगायत अन्य जिल्लावासिहरू समेतलाई सेवा पुग्ने अपेक्षा गरिएको छ ।

६७. आकस्मिक रूपमा आईपर्ने बाढी, पहिरो, सडक दुर्घटना, आगोलागि जस्ता प्राकृतिक विपद् तथा विभिन्न रोगका महामारीको अवस्थामा विरामीहरूको तत्काल उध्दार कार्य गर्न र विपद्मा परेका पिडितहरूलाई तत्काल राहत वितरण गर्नका लागि केही स्थानीय तहमा हेलिप्याड निर्माण भईसकेको केही स्थानीय तहमा निर्माण भईरहेको र रात्रीकालीन समयमा उध्दारका लागि हेलिकप्टर बस्न सक्ने हेलिप्याड सुविधा जिल्लामा नै उपलब्ध नभएकोले जिल्ला तथा नगरवासि नागरिहरूले समयमै उपचार नपाई अकालमै ज्यान गुमाउन नपरोस भन्ने उध्देश्यले भेरी न.पा. वडा नं. ४ स्थित चन्दननाथ गण, मालिका व्यारेक हाताभित्र रहेको हेलिप्याडलाई नाईटल्यान्डिङ फ्यासिलिटी हेलिप्याडको रूपमा स्तरोन्नतिका लागि यस नगरपालिकाको सहयोगमा निर्माण कार्य शुरू गरिएको छ । यसबाट नगर तथा जिल्लाबासिहरूलाई थप सुविधा प्राप्त हुने अपेक्षा गरिएको छ ।

६८. अन्तमा, आ.व. २०७८।८९ को बजेट तर्जुमाका लागि मार्गदर्शन तथा स्रोत उपलब्ध गराउने नेपाल सरकार, कर्णाली प्रदेश सरकार, जिल्ला समन्वय समिति, सल्लाह सुझाव प्रदान गर्ने राजनीतिक दल, नागरिक समाज, बिकास साझेदार संस्थाका प्रमुख तथा प्रतिनिधि, कार्यपालिका परिवार, सम्पूर्ण राष्टसेवक कर्मचारीहरू प्रति आभार प्रकट गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

६९. प्रस्तावित बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सम्बन्धित सरोकारवाला सबैको सकारात्मक सहयोग सक्रियता र साथ रहनेछ भन्ने कुरामा म बिश्वस्त छु । कार्यक्रमको सफल कार्यान्वयनबाट अपेक्षित उपलब्धि हासिल भई नगरवासि नागरिकहरूको जीवनयापनमा सहजता पैदा हुने अपेक्षा लिएको छु ।

धन्यवाद ।